


# १० अलिकति कठिनाई र दुःखकष्टका समयहरु

***यस अध्यायका मूल पदहरू:*** मत्ती ७:५, एफिसी १:७, फिलिप्पी २:४-८, एफिसी ४:२६,२७, याकूब १:१९,२०, कलस्सी ३:१९ र मत्ती ७:१२।

***यस अध्यायको मूल सार पद:*** **"रिस त गर तर पापचाहिँ नगर। घाम अस्ताउनु अघि नै तिमीहरूको रिस मरोस्" (एफिसी ४:२६ रूपान्तरित)।**

जतिसुकै सुखी परिवार वा अत्यन्त दुःखी परिवार भएतापनि परिवारहरूको बीचमा कुनै न कुनै किसिमको बिमति हुन्छ नै। यो पतित संसारमा धेरै द्वन्द्वहरू छन् जसमध्ये घरेलु द्वन्द्व पनि एक हो भनेर स्वीकार्नैपर्छ। कतिपय घरमा ठूलो द्वन्द्व नहोला तर सानो तिनो त भइरहन्छ। जस्तै आज कसको भाँडा माझ्ने पालो, कसले फोहर फ्याँक्ने, छोरीले स्कूलको होम वर्क गऱ्यो कि गरेन, छोराले अऱ्हाएको काम गऱ्यो कि गरेन। घरमा हुने यस्ता सानातिना समस्याहरूलाई प्रायजसो कुनै विवाद नगरिकन सुल्झाउन सकिन्छ। तर कतिपय विषयहरू छन् जसले पारिवारिक जीवनलाई नै खलबल पार्दछ। सासुले बुहारीको जीवनलाई नियन्त्रण गर्न खोज्दा बुहारीको बैवाहिक जीवन र उनको स्वास्थ्यमा धक्का पर्नसक्छ। दिमाग ठिक नभएको बाबुले छोराछोरीहरूलाई दुर्व्यवहार गर्ने वा पिट्ने बानी, परमेश्वरको आस्थामा हुर्काइएतापनि ठूलो भएपछि अनैतिक जीवन बिताउन चाहने बरालिएको छोरा वा छोरी, छोरा वा छोरी दुर्व्यसनमा होमिन पुग्दा शान्ति छाएको घर पनि तहसनहस हुनसक्छ।

एक आपसमा प्रेम गर (यूहन्ना १३:३४, रोमी १२:१०), एक आपसमा शान्ति र तालमेल गरेर जिऊ (रोमी १५:५, हिब्रू १२:१४), एक आपसमा धैर्यधारण गर, कोमल होऊ र एक आपसमा दया देखाऊ (१ कोरन्थी १३:४), आफ्नो भन्दा अर्कोको हित चिताऊ (फिलिप्पी २:३) र एक

आपसको भार बोक (एफिसी ४:२) भनेर बारम्बार नयाँ करारमा हामीलाई बताइएको छ। हो, यो भन्न त सजिलो छ तर बाइबलले बताए अनुसार चल्न त्यति सजिलो छैन। यो वास्तविकतालाई कसैले पनि अस्वीकार गर्न सक्दैन। साथीभाइ र विशेष गरेर घर परिवारमा आइपर्ने सानोतिनो कचकच वा असमझदारीलाई कसरी सम्हाल्ने भन्ने केही उपायहरू यस अध्यायमा हेर्नेछौं।

## १. एक आपसमा द्वन्द्व वा कचकच

**देहायका पदहरूमा दुई महत्त्वपूर्ण नीतिहरू छन् जसले एकआपसमा हुने द्वन्द्वलाई पन्छाउन सकिन्छ। हेर्नुहोस्: मत्ती ७:३-५ "३ किन तिमी आफ्नो भाइको आँखामा भएको धूलोको कण देख्तछौ, तर तिम्रो आफ्नै आँखामा भएको मूढ़ाचाहिँ थाहा पाउँदैनौ? ४ अथवा तिम्रो आफ्नै आँखामा मूढ़ा छ भने कसरी तिमी तिम्रो भाइलाई भन्न सक्छौ, 'मलाई तिम्रो आँखाबाट धूलोको कण निकाल्न देऊ ? ५ ए ढोंगी वा पाखण्डी पहिले आफ्नै आँखाबाट मूढ़ा निकाल, तब तिम्रो भाइको आँखाबाट धूलोको कण निकाल्नलाई तिमी सफासँग देख्न सक्नेछौ।" र हितोपदेश १९:११ "मानिसको बुद्धिले त्यसलाई धैर्य दिन्छ, चित्त दुखाइका कुराप्रति आँखा चिम्लनु त्यसको लागि महिमा हो।"**

कचकच वा असमझदारीको बारेमा हितोपदेशको लेखकले अत्यन्तै उपयुक्त र मार्मिक भावना व्यक्त गर्दछन्: "वादविवादको सुरुवात फुटेको पाइपबाट पानी चुहेजस्तै हो। त्यसकारण ठूलो झगडा सुरु हुनु अघि नै त्यसलाई रोक्नुपर्दछ" (हितोपदेश १७:१४ रूपान्तरित)। एकफेरा द्वन्द्व, एक आपसमा भनाभन, वादविवाद र कचकच सुरु भयो भने त्यसलाई रोक्न धेरै गाऱ्हो हुन्छ। द्वन्द्व वा झगडालाई मत्थर पार्न पावलको अनुसार दुई कुरालाई ध्यान दिनुपर्छ। केले शान्ति ल्याउँछ र केले एकआपसको भलो गर्छ त्यसलाई आत्मसात् गर्नुपर्छ। हेर्नुहोस् रोमी १४:१९ "हामी ती कुराहरूको अनुसरण गरौं जसले शान्ति ल्याउँछ, अनि एउटाले अर्काको आत्मिक उन्नति गराउँछ।" परिवारमा शान्ति र मेलमिलापमा रहन ती नीतिहरू झन कति निर्णायक होलान्?

कहिलेकाहीँ जब कचकच सुरु हुन्छ तब त्यसको जिम्मेवारी एक जनाले लियो भने अर्कोको दिल नरम हुनसक्छ। कचकच सुरु हुनेबेलामा अलिकति पछाडि फर्केर हेर्नुहोस् र सोच्नुहोस् यो कचकच वा विवादले के फाइदा ल्याउँछ। "बुद्धिमान वा विवेकशील मानिस रिसाउन ढिलो हुन्छ र

कसैले चित्त दुखायो भने त्यसप्रति आँखा चिम्लनु उसको निम्ति प्रशंसनिय कुरो हुनसक्छ" (हितोपदेश १९:११ रूपान्तरित)। यदि यो नीति अपनाइयो भने तिन दिनपछि हेर्दा तपाईंलाई कस्तो होला? पाँच र दश वर्षपछि त्यसले कस्तो प्रभाव पार्थ्यो होला? सानोतिनो कचकच देखिने कुरालाई बेलैमा सम्हाल्न सकियो भने कतिजनाको विवाद हुँदैनथ्यो होला? वैवाहिक जीवनमा सानोतिनो विवाद त हुन्छ नै तर त्यसलाई ठूलो विषय बनाउँदा वैवाहिक जीवनमा समस्या बढ्न सक्छ।

कचकच वा द्वन्द्वलाई लामो समयसम्म पाल्नुकोसट्टा आएको समस्याको विषयबस्तुलाई अर्को व्यक्ति, बालक, साथी, सहकर्मी र सङ्गीसँग नरम भएर छलफल गर्नु जरुरी देखिनुपर्छ। विवादको कुरोमा अरू कुरा नथपि जुन कुरोको विवाद भएको थियो त्यसैमा छलफल गर्नुपर्छ। जब रिस र भनाभन हुन्छ र विगतका फर्काउन नसक्ने दोष र समस्याहरूलाई कोट्याउँदा विवादले गम्भीर रूप लिनसक्छ। विशेष गरेर वैवाहिक जीवनमा यसले गम्भीर वा बिकराल रूप लिन सक्छ। जब कचकच वा विवाद सुरू हुन्छ तब पहिला एकआपसप्रतिको सम्बन्धप्रति दृढ भएको आभास दिनुपर्दछ। तपाईंले त्यस व्यक्तिलाई गहिरो रूपमा माया गर्नुहुन्छ र सम्बन्धलाई कायम राख्न तपाईं गम्भीर हुनुहुन्छ भनेर रिस उठेको व्यक्तिलाई थाहा दिनुहोस्। जब तपाईं सकारात्मक भएर अर्कोलाई चित्त बुझाउन सक्नुभयो भने अनि आवश्यक विषयबस्तुमा तपाईं छलफल गर्न सक्नुहुनेछ। "तर" भन्ने शब्द सकेसम्म प्रयोग नगर्नुहोस्। सकारात्मक कुराहरू गरेपछि जब "तर" भन्ने शब्द प्रयोग गरिन्छ तब ती सकारात्मक कुरोहरू बिलाएर जानसक्छ। तपाईंले आफ्ना भावनाहरू व्यक्त गर्नु भएपछि अर्कोको दृष्टिकोणलाई ध्यान दिनुहोस्। उनले वा उसले के भनेको छ सो सोच्नुहोस्। अनि समस्याको समाधानलाई प्रस्तुत गर्नुहोस् ताकि जुन असल छ त्यसलाई सोच्न सकियोस् (फिलिप्पी २:४-६ "४ तिमीहरू हरेकले आफ्नै हित मात्र नखोज, तर अरूका हितलाई पनि हेर। ५ तिमीहरूमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो। ६ परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन।" (अर्थात येशूले आफ्नो भाऊ खोज्नुभएन)।

**अहिले अर्थहीन वा हास्यस्पद देखिने हिजोको कचकच र द्वन्द्वको बारेमा सोच्नुहोस्। ती अनुभवहरूबाट तपाईं के सिक्नसक्नुहुन्छ जसले गर्दा कमसेकम तपाईंबाट समस्या वा द्वन्द्वको सुरु नहोस् भनेर अठोट लिन सक्नुहुन्छ?**

## २. विवाहको निम्ति केही नीति तथा अर्तीहरू

विवाह पनि साबथ जस्तै परमेश्वरले अदनको बगैंचादेखि दिनुभएको उपहार हो। हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैशियतले हामीहरूको शत्रुले के गऱ्यो र के गरिरहेकाछ छ सो हामीलाई थाहा छ। शैतानले साबथ र वैवाहिक जीवनमा भयानकरुपमा आक्रमण गरेका थियो र गरिरहेको छ। वर्षौंसम्म आनन्दसँग बसेको अत्यन्तै असल परिवारमा पनि द्वन्द्व पठाएर ध्वस्त पारेको घट्ना दुर्भाग्यबस हेर्नुपरिरहेको छ।

कमसेकम त्यो स्थिति आउन नदिन हामी यहाँ केही नीति वा गाइडलाइनहरू हेर्नेछौं जसले द्वन्द्वको सामना गरिरहेका दम्पतीलाई सहयोग मिल्नेछ।

**कोही पुरुष वा स्त्री विवाहको शुत्रमा बाँधिन्छन् भने के निर्णायक नीति छ जसलाई अपनाउनैपर्दछ? हेर्नुहोस् एफिसी १:७-९ "७ उहाँको अपार अनुग्रहअनुसार ख्रीष्टको रगतद्वारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा, पाउँछौं, ८ जुन अनुग्रह उहाँले हामीलाई प्रशस्त मात्रामा दिनुभयो। ९ किनकि सम्पूर्ण बुद्धि र आन्तरिक समझमा ख्रीष्टमा राख्नुभएको उद्देश्यअनुसार उहाँले आफ्नो इच्छाको रहस्य हामीलाई जान्न दिनुभएको छ।"**

जब द्वन्द्व सूरु हुन्छ द्वन्द्व सुरु गर्ने श्रीमान वा श्रीमती अयोग्य भएपनि एक आपसलाई क्षमा दिनु अत्यन्तै आवश्यक छ। क्षमा दिने चलन सिक्नैपर्छ। सही क्षमा भनेको येशूले दिने जस्तो क्षमा हो। क्षमा पाउने व्यक्ति क्षमा दिन योग्य नभएतापनि येशूले क्षमा दिनुभएको थियो। ख्रीष्टद्वारा परमेश्वरले पनि हामीलाई क्षमा दिनुभएको थियो। हामीले अरू मानिसले जस्तो वा अरू मानिसको चालचलनको अनुसरण गरेर क्षमा दिने होइन तर येशूकै अनुसरण गरेर क्षमा दिन सक्षम् हुनुपर्छ। नभए हामीहरूको वैवाहिक जीवन नरकमा परिणत भइरहेको हुन सक्छ।

**रोमी ३:२३मा पनि के अत्यन्त निर्णायक र सबैले बुझ्नैपर्ने वचन पावलले व्यक्त गरेकाछन्? हेर्नुहोस्: "किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्।"**

तपाईंले सिद्ध व्यक्तिलाई होइन तर पापीलाई विवाह गर्नु भएको छ भनेर स्वीकार गर्नैपर्छ। तपाईं जस्तै तपाईंको जीवनसाथीको केही हदसम्म शारीरिक, आत्मिक र भावनात्मक रूपमा क्षति भएको छ। आफ्नो जीवनसाथीको अपरिपूर्ण स्वभावलाई स्वीकार गरेर चल्नु जरुरी छ।

जीवनसाथीका भुल वा दोषहरूलाई स्वीकार गर्नुपर्छ। सँगै प्रार्थना गर्नुहोस्। आफ्नो वा आफ्नो जीवनसाथीमा भएका आफूलाई मननपरेको बानी वा दोषसँग जीउनुपर्ने हुन्छ र जीवनसाथीको दोष थाहा पाएर त्यसले तपाईंलाई सताइरहन दिनु आवश्यक छैन। हामी जस्तो छौं त्यस्तै रूपमा पवित्र र सिद्ध परमेश्वरले हामीलाई येशू ख्रीष्टद्वारा ग्रहण गर्नुहुन्छ। यदि तपाईं आफै पनि त्यस्तो सिद्ध र पवित्र हुनुहुन्न भने तपाईंको जीवनसाथी पनि पवित्र र सिद्ध हुनुपर्छ भनेर तपाईंले अपेक्षा गर्नु मनासिव हुन्छ र?

**यदि हामी येशूका भक्त हौं वा इसाई हौं भनेर दावी गर्छौं भने फिलिप्पी २:४-८मा लेखिएको नीति हामीले अवलम्बन गर्नैपर्छ। वैवाहिक जीवनमामात्र होइन मानिससँग सम्बन्ध राखेर हिँड्नुपर्दा कसैसँग समन्ध नबिग्रियोस भनेर त्यो अर्ती होइन निर्देशनलाई पालन गर्नुको विकल्प छैन। हेर्नुहोस् फिलिप्पी २:४-८ "४ तिमीहरू हरेकले आफ्नै हित मात्र नखोज, तर अरूका हितलाई पनि हेर। ५ तिमीहरूमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो। ६ परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन। ७ तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मानिस भएर जन्मनुभयो। ८ स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो।" (हामीहरूको मन जित्न र हामीहरूलाई परमेश्वरको राज्यमा प्रवेश गराउन उहाँ हरतरहले हेपिन र होचिन राजी हुनुभयो)।**

## ३. द्वन्द्वमा रिसको भूमिका

यस संसारमा नरिसाउने मानिस को होला? एकले अर्कोमाथि कुनै न कुनै प्रकारको झटारो हान्ने कारण रिस नै हो। एक परिवारको सदस्यले परिवारको अर्को सदस्यमाथि रिस पोखाउँदा हृदयमा गहिरो चोट पर्दछ। कतिपय समयमा त्यो कहिल्यै निको नहुने घाऊ हुनसक्छ। माफि नदिने आदतले गर्दा रिसले घर परिवारमा बिकराल रुप लिन सक्छ। रिसले बिष जस्तो काम गर्छ। यसले ठूलो पीडा, कष्ट ल्याउँछ, र परिवार र साथीभाइको सम्बन्धलाई ध्वस्त पार्दछ।

**हामी पापी मानिस हौं र रिस हामीहरूको स्वभावमा हुन्छ नै। त्यसले गर्दा हामीमा रिस जन्मैदेखि स्वःत उब्जिन्छ। भावानात्मक कारणले रिस उठ्ने र पापको कारण रिस उठ्ने रिसको दुई पक्ष हुन्छ। मानिस भएको कारणले**

रिस उठ्ने बानी र पापको कारणले रिस उठ्ने बानीलाई फरक दृष्टिकोणले हेरेर संतुलनमा राख्नु जरुरी छ। हेर्नुहोस्: एफिसी ४:२६,२७ "२६ क्रोध गर, तर पाप नगर। घाम अस्ताउन अघि नै तिमीहरूको रिस मरोस्, २७ र दियाबलसलाई (शैतान) मौका नदेओ।" र उपदेशक ७:९ "मनमा झट्टै नरिसाऊ, किनभने रिस त मूर्खहरूको काखैमा बसेको हुन्छ।"

रिसको मामिलामा याकूबले के भन्छन्? जब हामीहरूका परिवारका कुनै सदस्यको क्रियाकलाप र मनिस्थितिले गर्दा हामीलाई रिस उठ्छ वा उठाइ राख्छ तब त्यसबेला याकूबले दिएको अर्तीलाई सकेसम्म हामीले पालन गर्न किन हितकर हुन्छ? हेर्नुहोस्: "१९ मेरा प्रिय भाइहरू, यो कुरा जानः प्रत्येक मानिस सुन्नमा छिटो, बोल्नमा ढिलो र रिसाउनमा धिमा हुनुपर्छ। २० किनकि मानिसको रिसले परमेश्वरको धार्मिकता ल्याउँदैन। २१ यसैकारण सबै फोहोर कुरा र समस्त दुष्टतालाई हटाओ, र तिमीहरूका हृदयमा रोपिराखेको वचन नम्रतापूर्वक धारण गर, जसले तिमीहरूका प्राणलाई उद्धार गर्न सक्छ" (याकूब १:१९-२१)।

यदि तपाईँलाई कुनै कुरादेखि रिस उठ्छ भने त्यसलाई हामीहरूको दिमागमा अन्धकार बादल जस्तो घुमाइ राख्नुको सट्टा केही सकारात्मक सोचले दवाउनुहोस्। जसले तपाईंको चित्त दुखाउँछ र दुर्व्यवहार गर्छ उसको निम्ति प्रार्थना गर्नुहोस्। तिनीहरूलाई क्षमा दिनुहोस् र तिनीहरूको निम्ति आशिष हुनुहोस्। सुरूमा त्यो सजिलो त हुनेछैन। तर रिसलाई तपाईंमाथि स्वामित्व जमाउने नदिने निर्णय गर्नुभयो भने त्यसमा तपाईं अडिग हुनुपर्छ। बाँकि परमेश्वरले सम्हाल्नुहुनेछ।

कहिलेकाहीँ रिसको जग हामी जुन घरमा हुर्केकाछौं त्यसबाट उम्रेको पाइन्छ। जुन घरमा रिस, घरेलु हिंसा जस्ता मानव जीवनलाई धक्का पुऱ्याउने बानीले बलियो अड्डा जमाउँछ त्यस घरबाट आउने मानिसहरू पनि रिस बोकेर आएका हुन्छन्। तिनीहरूले आफ्ना आमाबाबु, दाजु तथा दिदीहरूबाट रिस सिक्दछन्। तिनीहरू नै घर परिवारमा रिसको उदाहरण बन्दछन्। अनि त्यो बानी रिसाउनेहरूले अनुसरण गर्छन् र आफ्ना छोराछोरीहरूलाई सार्दछन्। आफूले नपाएको कुराले गर्दा रिस उठ्छ भने डाहले गर्दा पनि रिस उठ्छ। कैयिनले त्यही डाहले गर्दा उसमाथि रिसको बज्र पऱ्यो र आफ्नै भाइ हाविलको हत्या गऱ्यो।

तपाईंले तपाईंको रिस उठ्ने कारण ठिकै हो भनेर भन्नु होला। तर रिस राखिराख्नका लागि बहाना नबनाउनुहोस्। रिस आउँछ भने रिसाएको छैन भनेर देखावटी रूपमा धर्मात्मा नबन्नुहोस् साथै तपाईंको रिस न्यायोचित छ भनेर आफूलाई सम्झाउन नखोज्नुहोस्। तपाईंमा रिस उठ्छ भने त्यसलाई सकारात्मक मोडमा लान परमेश्वरसँग सहायता माग्नुहोस्। यस मामिलामा पावलले अत्यन्तै असल सल्लाह दिन्छन् "दुष्ट वा खराबले तपाईंलाई हराउन नदिनुहोस् बरू भलो वा असल काम गरेर दुष्ट वा खराबलाई हराइदिनुहोस्" (रोमी १२:२१ रूपान्तरित)।

**हामी सबैमा केही न केही कुराले रिस उठ्ने बानी हुन्छ। हामीहरूको मनमा चोट पुग्यो वा आघात पुऱ्यायो भने हामीलाई रिस उठ्नु स्वभाविकै हो। अनि हामी रिस उठ्नु ठिकै हो भनेर पनि हामी चित्त बुझाउन सक्छौं। तर रिसले गर्दा हामीहरूमा र हामीहरूका वरिपरिरहेका मानिसहरूलाई दयनीय वा कष्टकर नबनाउन परमेश्वरसँग सहायता किन नखोज्ने?**

## ४. द्वन्द्व, दुर्व्यवहार, हैकमबाद, शक्ति वा अधिकार र नियन्त्रण

नसुल्झाएको द्वन्द्व, झगडा र रिस बढ्दा बढ्दै कहिलेकाहीं नकारात्मक र ध्वंसात्मक हुनजान्छ र घरेलु हिंसाको रूप लिन सक्छ। यसले घर परिवारको बीचमा घरेलु लडाइँ नै निम्त्याउँछ। रिसले गर्दा एक आपसमा गरिने दुर्व्यवहार विभिन्नरूपमा आउँछन्: शारीरिक बल प्रयोग, गालीगलौज, आवेगमा आउने, मानसिक पीडा दिने, जबरजस्ती यौन सम्पर्क गर्ने जस्ता नराम्रा दुष्चरित्रहरू। तर जेभएतापनि जुनसुकै रूपको दुर्व्यवहार भएतापनि त्यो परमेश्वरको राज्यको मूल नीति निस्वार्थ प्रेमको उल्टो हुन्छ।

**कुन नीति अपनाएर वा निर्णयले एक आपसको सम्बन्धलाई बलियो पारि राख्नुपर्छ भनेर देहायका पदहरूले हामीहरूलाई सिकाउँछ? हेर्नुहोस्: १ यूहन्ना ४:७,८ "७ प्रिय हो, हामी एउटाले अर्कोलाई प्रेम गरौं, किनभने प्रेम परमेश्वरबाट आउँछ। जसले प्रेम गर्छ त्यो परमेश्वरबाट जन्मेको हो, र परमेश्वरलाई चिन्छ। ८ प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ।" (अर्थात् रिसलाई बोकिरहने मानिसले परमेश्वरलाई न चिनेको हुन्छ न विश्वास नै गरेको हुन्छ)। र कलस्सी ३:१९ "पति हो, आ-आफ्ना पत्नीहरूलाई प्रेम गर र तिनीहरूप्रति कठोर नहोओ।"**

"हे श्रीमानहरू हो आफ्ना श्रीमतीहरूलाई प्रेम गर र तिनीहरूप्रति कठोर नबन वा तिनीहरूलाई दबाएर नराख्नु" (कलस्सी ३:१९ रूपान्तरित)। सुरुको ग्रीक भाषामा कठोर भन्ने शब्दको अर्थ रिस उठ्नु वा जोडीप्रति ईष वा तीतो भइरहनु, निरन्तररूपमा दुःख वा यातना दिने, शत्रु ठान्नु वा वैरभाव राख्नु र अरूलाई अत्यन्तै घृणा गर्नु भन्ने हुन्थ्यो। जोडाजोडीको बीचमा हिंसात्मक र वैरभाव नराख्न पावलले स्पष्ट निर्देशन दिन्छन्। यदि कोही चर्च जान्छ र इसाई हुँ भन्छ भने जोडाजोडीको बीचमा रिस राखिछोड्नु, शारीरिक दुर्व्यवहार गर्नु, एकआपसमा शत्रुता वा हिंसात्मक हुनु, एक आपसको भावनामा चोट पुऱ्याइ राख्नु, जबरजस्ती यौनसम्पर्क गर्नु जस्ता आचरण देखाउनु सुहाउँदैन। (ती दुर्गुणहरूलाई पोषाइ राख्ने मानिसले यदि आफू इसाई हुँ भनेर दावी गर्छ भने उसले येशूकै पनि बेइज्जत गरिरहेको हुन्छ-अनुवादकको टिप्पणी)। तर जोडाजोडीको बीचमा प्रेम हुनु इसाई संस्कारमा स्वीकार्य हुन्छ। प्रेम कस्तो हुन्छ भनेर पनि पावलले स्पष्टरूपमा व्याख्या गर्दछन्ः प्रेम दयालु हुन्छ, धिरजी हुन्छ, प्रेमले डाह वा ईष गर्दैन, घमण्डले फुल्दैन, अहँकारी र हठी हुँदैन, असभ्य व्यवहार गर्दैन, आफ्नो स्वार्थी वा आफ्नोमात्र भाऊ खोज्दैन, प्रेमले भरिएको मानिस सजिलैसँग रिसाउँदैन, गल्तीहरूको लेखाजोखा राख्दैन, कोही खराबमा पर्छ भने ऊ खुशी हुँदैन तर सही वा सत्यमा आनन्दित हुन्छ। प्रेमले सधैं अरूलाई सुरक्षित राख्दछ, जहिले पनि भरपर्दो र विश्वासिलो हुन्छ, जहिले पनि आशाबादी र सकारात्मक हुन्छ र जहिलेपनि प्रयास गरिरहन्छ। प्रेममा रहिरहेको मानिसले कुनै किसिमको दुर्व्यवहारलाई समर्थन गर्दैन।

स्वस्थ सम्बन्धमा दुवै जोडी वा साथीहरूले एक आपसलाई सुरक्षा गर्दछन् र सुरक्षित भएको महसुस गर्दछन्। रिसै उठेतापनि स्वस्थ किसिमले त्यसलाई सम्हाल्छन् र एक आपसको सेवा गर्न तत्पर हुने प्रेमिलो मानिसको बानी नै हुन्छ। कतिपय समयमा दुर्व्यवहारमा परेको व्यक्तिले आफ्नै कारणले रिस उठाएको वा दुर्व्यवहार हुनुमा आफू नै जिम्मेवारी भएको ठान्दछ र मैले नै गरेर यो पीडा भोगें भनेर पुर्पुरोमा हात राखेर सहेर बस्दछ। दुर्व्यवहार गर्ने व्यक्तिले आफ्नो हैकमबाद वा अरूलाई नियन्त्रण गर्दछ। दुर्व्यवहार गर्ने व्यक्ति यस्तो चलाख हुन्छ कि दुर्व्यवहारमा पर्ने व्यक्ति नै दुर्व्यवहारमा पर्न जिम्मेवार छ भनेर उसलाई लाचार बनाउँछ। सत्य कुरो यो हो कि कोही व्यक्ति पनि अरू व्यक्तिको दुर्व्यवहारमा पर्ने जरुरत हुँदैन र जसले दुर्व्यवहार गर्छ उही नै सबै आफ्नो दुष्ट व्यवहारको जिम्मेवारी हुन्छ। (जब परमेश्वरले

पशुहरूलाई सृष्टि गर्नुभयो अनि आदमलाई। पशुलाई आफ्नो बशमा राख वा आफ्नो नियन्त्रणमा राख भनेर आदमलाई परमेश्वरले निर्देशन दिनुभएको थियो। तर जब एक मानिसले अर्को मानिसलाई नियन्त्रण गर्छ वा आफ्नो बशमा राख्न खोज्छ तब त्यसले अर्को मानिसलाई पशुसरह ठान्दछ र त्यसै अनुसार व्यवहार गर्दछ। यो चाल इसाई भनाउँदाहरूलाई सुहाउँदैन-अनुवादकको थप जानकारी)।

जो मानिस दुर्व्यवहारको मारमा पर्छ त्यसलाई बाइबलले दोष दिँदैन तर सान्त्वना दिँदछ। कतिपय समयमा जब दुर्व्यवहारको स्थिति वा घरेलु हिंसालाई सम्हाल्न सकिएन भने आफ्नो घरभन्दा बाहिरका मानिसहरूको सहायता माग्न डराउनुहुँदैन।

**यो दुर्भाग्यपूर्ण हो कि कतिपय संस्कार र परम्पराको नाउँमा स्त्रीहरूलाई दुर्व्यहार गर्नु मनासिव नै हुन्छ भनेर सिकाइन्छ। (स्त्री, गधा, र मादललाई पिट्नुपर्छ भनेर मनुस्मृतिमा लेखिएको छ। पति भनेको पत्नीको देवता हो। उसले जे भनेपनि मान्नुपर्छ भनेर त्यसमा लेखिएको छ। यो पुस्तक हाम्रो परम्पराको निर्धारक हो-अनुवादकको टिप्पणी)। इसाईहरू जुनसुकै संस्कृति, संस्कार वा परम्पराबाटआएतापनि तिनीहरूलाई नारी वा श्रीमतीप्रति असमान व्यवहार गर्नु, दमन गर्नु र दुर्व्यवहार गर्नु किन सुहाउँदैन?**

## ५. क्षमा र शान्ति

**"अरूले तिमीलाई कस्तो व्यवहार गरेको चाहन्छौ त्यसरी नै तिमीले पनि अरूलाई व्यवहार गर। यो व्यवस्था र अगमवक्ताहरूले भनेको सार हो" (मत्ती ७:१२ रूपान्तरित)। तपाईंको जीवनमा, परिवारमा र परिवार बाहिर यो नीति अपनाउन आवश्यकता किन छ? प्रभु येशूमाथि विश्वास र भरोसा राखेर तपाईंले यो नीतिलाई कसरी अपनाउन सक्नुहुन्छ?**

हिब्रू पुस्तकको लेखकले यो सल्लाह दिन्छन् "सबै मानिसहरूसँग शान्ति र पवित्रतामा रहनु बिना कसैले पनि परमेश्वरलाई देख्न सक्दैन" (हिब्रू १२:१४ रूपान्तरित)। सबैसँग मिल्न हामीहरूले सबै आवश्यक कदमहरू चालेतापनि कतिपय समयमा हामीलाई चोट दिने व्यक्ति परिवर्तन हुन नचाहन सक्छ न त हामीलाई सुन्न नै चाहन्छ। कतिले माफ माग्छन् होला त कतिले माग्दैनन् पनि। तर जेभएतापनि हामीहरूकै हितको निम्ति विशेष गरेर परिवारको बीचमा अघि लेखिए अनुसार क्षमादिने संस्कार बसाल्नुपर्दछ।

अझ भनौं भने द्वन्द्व समाधानको निम्ति क्षमा नभइनहुने तत्व हो। विशेष गरेर परिवारमा क्षमा दिने संस्कार बसाल्नै पर्छ। जब कसैले हामीमाथि पाप गऱ्यो वा हामीलाई चोट पुऱ्यायो भने परमेश्वरको शत्रुले त्यस व्यक्ति र हाम्रो बीचमा पर्खाल खडा गराउन चाहन्छ। त्यसले गर्दा जसरी येशूले हामीलाई प्रेम गर्नुहुन्छ त्यही अनुसार शत्रुले प्रेम गर्नबाट रोक लगाउँदछ। क्षमा दिने संस्कार हामीहरूको व्यक्तिगत निर्णय हो र त्यो पर्खाललाई नाघेर जाने हामीहरूले चाहना हुनुपर्छ।

"हामीले क्षमा दियौं भन्दैमा हामीलाई क्षमा दिइने होइन बरू जब हामी क्षमा दिन्छौं तब हामी पनि क्षमा पाउँछौं। सबै क्षमाको आधार हामी अयोग्य भएतापनि परमेश्वरले हामीलाई दिने प्रेम हो। तर अरूप्रति हामीहरूको मनस्थिति र गरिने व्यवहारमा हामीहरूले हाम्रो जीवनको नीतिमा प्रेम छ कि छैन भनेर देखाउँदछ। त्यसकारण येशूले भन्नुभयो "तिमीले अरुको न्याय कसरी गर्छौ तिमीलाई पनि त्यसरी नै गरिनेछ। जुन नापले तिमीले नाप्दछौ त्यही नापले तिमीलाई नापिनेछ" मत्ती ७:२।"-एलेन जी ह्वाइट, क्राइस्ट अबजेक्त लेशनस्, २५१बाट रूपान्तरित।

फेरि त्यसैबखत यदि हामीहरूले पहिलानै गल्ती गऱ्यौं वा अरूको चित्त दुखायौं भने पनि टुटेको सम्बन्ध गाँस्ने हामीले प्रयास गर्नुपर्दछु। आफूले गल्ती गरेको व्यक्तिकहाँ गएर गल्ती स्वीकार गर्नुपर्छ र तपाईंले के गर्नुभयो सो भन्नुपर्दछ। अनि ऊसँग क्षमा माग्नुपर्दछ। येशूले भन्नुभएको कुरो यही हो "बेदीमा तिम्रो भेटी ल्याउँदा तिम्रो मनमा तिमीमाथि कसैले रिस राखेको छ भनेर तिमीलाई याद भयो भने त्यो भेटी बेदीको मूनि नै छोडेर जानु। त्यस मानिससँग पहिला मिल अनि आएर तिम्रो भेटी परमेश्वरलाई देऊ" (मत्ती ५:२३,२४ रूपान्तरित)। हामीलाई चित्त दुखाउनेले हामीसँग क्षमा माग्यो भने त्यो असल कुरो हुन्छ। त्यसरी नै त्यही किसिमको मनस्थिति बोकेर अरूकहाँ गएर क्षमा माग्दा उसलाई राम्रो लाग्दछ र उसलाई तपाईंले वास्ता गर्नुहुन्छ भनेर देखाउनेछ।

**तपाईंले क्षमा पाउनुपर्ने कारणहरू के के थिए भनेर सोच्नु भयोभने अरूलाई क्षमा दिन कसरी सजिलो हुन्छ?**

**उपसंहारः**

**थप जानकारीः** " आपसी समझदारीमा परिवार चलाउन प्रायजसो बाबुआमाहरू एक हुँदैनन्। छोराछोरीहरूसँग हेलमेल गरेर बाबुहरूले तिनीहरूको आनिबानी र स्वभावलाई राम्रोसँग बुझेका हुँदैनन्। अनि तिनीहरूले आफूले भने अनुसार नचल्दा तिनीहरूलाई रुखो र कठोर व्यवहार गर्दछन्। बाबुले आफ्नै रिसलाई बशमा राख्दैनन् तर छोराछोरीहरूलाई कडाइकासाथ कजाउन खोज्छन्। बालकलाई यो कुरो थाहा छ। बाबुको कुरा मानेर ज्ञानी हुनुखोज्नुको सट्टा बाबुले दिएको सजायँलाई रिसले स्विकार्दछन्। छोराछोरीहरूले नराम्रो काम गरे आमाले कहिलेकाहीँ वास्ता गर्दैन भने कहिलेकाहीँ एकदम रिसले चुट्छिन्। बालबालिकाहरूले के अपेक्षा गर्ने सो थाहा नभएको हुँदा तिनीहरू सजायँ नपाउँञ्जेल कतिको बदमाश हुनसक्छन् भनेर आफ्नो सिमाना हेर्दछन्। यसरी द्वन्दहिनतामा र बाबुआमाले आफूले आफूलाई बशमा राख्न नसक्ने वातावरणमा हुर्किएका छोराछोरीहरूमा दुष्टताको बिऊ रोपिएको हुन्छ र पछि गएर त्यस्तै खालको फल फलाउँछन्।"-एलेन जी ह्वाइट, द एडभेन्टिस्ट होम, ३१४,३१५बाट रूपान्तरित।

"अत्यन्त निर्मल र सर्वोच्च स्नेहको केन्द्रविन्दु घर हुनुपर्दछ। शान्ति, मेलमिलाप वा तालमेल,स्नेह र खुशियालीलाई फलाइराख्न प्रत्येक दिन प्रयास गर्नुपर्छ। जबसम्म ती बहुमूल्य तत्वहरू परिवारको हृदयमा सजिएर बस्दैनन् तबसम्म ती तत्वहरूलाई फलाउन निरन्तररूपमा कोसिस गरिरहनुपर्छ। प्रेमको बिरुवा होसियारसाथ हुर्काइराख्नुपर्दछ नत्र भने त्यो मर्दछ। यदि कुनै व्यक्तिको जीवन अर्थमूलक र उद्देश्यप्रेरित भएर अगाडि बढाइरहन चाहन्छ भने प्रत्येक असल नीतिलाई मलजल गरि राख्नैपर्दछ। शैतानले मानिसको हृदयमा रोप्ने बिरुवा यि नै हुन्ः ईष, डाहा, दुष्ट सोच, दुष्ट बोलीहरू, अधैर्यता, पूर्वाग्रह, स्वार्थीपना वा आफ्नोमात्र भाऊ खोज्ने, लोभलालच, तडकभडक, आडम्बर र खोक्रोपना आदि। यी तत्वहरू जरैदेखि उखेल्नुपर्दछ। यदि ती दुष्ट बिरुवा वा तत्वहरूलाई हृदयमा फलाइराख्न दिइयो भने तिनीहरूले यस्तो फल फलाउने छन् जसले मानिसलाई अपवित्र र प्रदुषित पार्दछ। यो कस्तो दुःखलाग्दो कुरा, कतिपयले आफ्ना हृदयहरूमा विषाक्त बिरुवालाई फस्टाइ राख्छन् जसले प्रेमको बहुमूल्य फलहरूलाई बिनाश पार्छ अनि आत्मालाई असुद्ध पार्दछ!" -एलेन जी ह्वाइट, *द एडभेन्टिस्ट होम,* १९५,१९६बाट रूपान्तरित।

**चिन्तनमननः**

अ) विवाहलाई सुरक्षित राख्न पावलले हिब्रू ४:१५मा व्यक्त गरेको भावनालाई हेर्नुहोस्: "किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो कमजोर वा दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न। तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो वा प्रलोभनमा पर्नेभयो, र पनि पापरहित हुनुहुन्थ्यो।" (रूपान्तरित)। हामी कस्तो छौं भनेर आफैले राम्रोसँग अनुभूति पाउन येशूले हाम्रो परिस्थितिमा हामीलाई राख्नुभयो। हामीहरूको विवाहको जोडीमा त्यही मनस्थिति हुनुपर्दछ। कुनै पनि परिस्थिति वा सङ्कटलाई तपाईंको दृष्टिकोणले मात्र होइन तर अर्को जीवनसाथीको दृष्टिकोणले पनि हेर्ने बानी बसाल्नुहोस्। उनले वा उसले त्यही परिस्थितिलाई कुन प्रकारले हेर्दछ, त्यसले कसरी उनलाई वा उसलाई प्रभाव पारेको छ र किन ऊ वा उनी आफूले अनुभव गरेको अनुसार चल्दछ सो कुराप्रति जोडाजोडी संवेदनशील हुनुपर्दछ। कुनै पनि सङ्कटलाई निराकरण गर्न उपर्युक्त नीति वा अरूले त्यही परिस्थितिलाई कसरी हेर्छन् सो लिन सक्नुले धेरै सहयोग गर्न सक्दछ। पारिवारिक जीवनमा मात्र होइन जीवनको प्रत्येक पलमा र प्रत्येकसँगको सम्बन्धमा त्यो नीति अबलम्बन गर्नु जरुरी छ।

आ) "के रिसाउनु सधैं पाप हो?" सोच्नुहोस्।

# कथा १०

## दुईवटा प्रार्थनाको छिट्टो जवाफ
## झुबेर्टु ड्युडिडाइट फरिएरा ड सिल्भा, ६८,ब्राजिल

चर्चमा जान झुबेर्टुको चासो थिएन। तर अचानक बाइबल पढ्ने इच्छा उसमा कसरी आयो त्यो उनलाई थाहा भएन। बाइबल पढ्ने तिब्र चाहना जहाँबाट आएपनि अवकाशप्राप्त ब्राजिलको बैंक मेनेजर आफ्नै सुरमा बाइबल अध्ययन गर्न थाले।

पढ्दा पढ्दा झुबेर्टुले पढेको वचनदेखि अचम्म मान्न थाले। तर बाइबलका कतिपय भागहरूमा उनी अलमलिन थाले। त्यसको अर्थ के हो भनेर सोच्न थाले। कसैले आएर बाइबल सिकाइदिए हुन्थ्यो भनेर उनले कामना गर्न थाले। एक नयाँ वर्षको उत्सबमा परम्परागत भोज भतेरमा नजाने र सालभाडोरको सडकबाट देखिने भुईचम्पा उडाउने तमासा पनि नहेर्ने उनले निधो गरे। त्यो ब्राजिलको साल्भाडोर सहर समुद्रको किनारमा छ। त्यहाँ चालिस लाख जनसंख्या छ।

"तिमी एक्लै भुईचम्पा उडाएको हेर्न जाऊ" आफ्नी श्रीमतीलाई उनले भने। झुबेर्टुले एक्लै बसेर प्रार्थना गर्न चाहेका थिए।उनको परिवार उत्सबको निम्ति घरबाट बाहिर निस्केपछि घरमा घुँडा टेकेर झुबेर्टुले प्रार्थना गर्न थाले। उनलाई बाइबल सिकाउन र उहाँको सही चर्च देखाउन उनले परमेश्वरसँग बिन्ति गर्न थाले।

"त्यो प्रार्थना परमेश्वरले यति छिटो दिनुभयो कि त्यस्तो पहिले कहिल्यै पनि भएको थिएन" झुबेर्टुले पछि भने। थाहा नै नपाइकन झुबेर्टुले सातौं दिन साबथमा प्रार्थना गर्न थालेका थिए। त्यसबेलाको डिसेम्बर ३१ शनिबार परेको थियो। अर्को दिन जनवरीब १ आइतबार परेको थियो।

त्यस वर्षको पहिलो काम गर्ने दिन सोमबार थियो। त्यस दिन झुबेर्टुले काम गर्ने गरेको बैंकबाट फोन आयो। बैंकको निर्देशकले आफ्नो केही लगानीमा सहयोग गर्न लेखिएको करारपत्रमा सही गर्न झुबेर्टुलाई बोलाएका थिए। बैंकको निर्देशकको अफिसमा झुबेर्टुले आफूसँग काम गरेको पुरानो साथीलाई देखे। ऊ इसाई भएको झुबेर्टुले सम्झे। करारमा हस्ताक्षेर गरेपछि झुबेर्टु त्यस मानिसभएको ठाउँमा गए। उसको नाउँ आलभारो थियो।

"आलभारो, म बाइबल कहाँ अध्ययन गर्न सक्छु के तपाईंलाई थाहा छ? तर मलाई पास्टरकहाँ नलैजानु अनि तिमीले मलाई इसाई बनाउन पनि नखोज्नु। म केवल बाइबल पढ्न चाहन्छु।" झुबेर्टुले अनुरोध गरे। आलभारो सेभेन्थ-डे एडभेन्टिस्ट थियो तर झुबेर्टुलाई थाहा थिएन।

"तपाईं क्याबुलामा बाइबल पढ्न सक्नुहुन्छ" आलभारोले भने। त्यस ठाउँमा रहेको सहरी जिल्लामा उसको एडभेन्टिस्ट चर्च थियो।

"त्यो त धेरै टाढा छ र मोटरको घुइँचो धेरै नराम्रो छ" झुबेर्टुले भने।"ठिक छ त्यसो भए तपाईंलाई नै चाहिने ठिक एउटा ठाउँ छ। त्यहाँ मानिसहरू बाइबल पढ्छन्। तर त्यो चर्च होइन।

अर्को दिन मङ्गलबार थियो। आलभारोले झुबेर्टुलाई श्यरिङ्ग जिसस घरेलु चर्चमा लग्यो। त्यहाँ सानो सानो झुण्ड गरेर बाइबल पढिन्थ्यो र गीत गाइन्थ्यो। तर नौलो ठाउँ र नचिनेका मानिसहरू भएकोले झुबेर्टुलाई त्यस ठाउँमा जान असजिलो लाग्यो। उनले पारिवारिक साथी रेजिनालाई आफूसँग आउन अनुरोध गरे। जब उनको श्रीमतीलाई आफूसँग आउन अनुरोध गरे तब उनी जान मानिनन्।

त्यहाँ भएको बाइबल अध्ययन झुबेर्टुलाई अत्यन्तै रोचक लाग्यो। अर्को हप्ता पनि रेजिनालाई आफूसँग आउन झुबेर्टुले अनुरोध गरे। "हुन्छ म तपाईंसँग जान्छु तर बाइबल अध्ययनमा सरिक हुन्न" भनेर उनले जवाफ दिइन्।

प्रत्येक बाइबल अध्ययनमा रेजिना झुबेर्टुसँग गइन्। उनले आफ्नो लुगाभित्र पौडी खेल्ने वस्त्र लगाउँथिन्। बाइबल अध्ययन पछि पौडी खेल्न जाने उनको मनशाय थियो।

डिसेम्बर ३१, २००६मा झुबेर्टुले बप्तिस्मा लिए र त्यसको एक वर्षपछि रेजिनाले पनि बप्तिस्मा लिइन्।

"मसँग कस्ले बप्तिस्मा लिइन् होली" आँखामा आँसु टल्काउँदै झुबेर्टुले भने "मेरी आमा।" बप्तिस्मा लिनु अघि झुबेर्टुले आफ्नी आमाले आफ्नो कदमको बारेमा जानकारी दिएका थिए। ब्राजिलको गाउँमा झुबेर्टुकी दिदी ओडिटसँग उनको आमा धेरै वर्षदेखिसँगै बसेकी थिइन्। ओडिट एडभेन्टिस्ट थिइन्।

" आमा म मेरी दिदीको चर्चमा बप्तिस्मा लिँदैछु" भनेर उनले आमालाई फोन गरेका थिए। फोन गरेको दश मिनेटपछि आमाले झुबेर्टुलाई फोन गरिन्।"म पनि तिमीसँग बप्तिस्मा किन नलिने?" आमाले सोधिन्।

"के तपाईं बप्तिस्माको निम्ति तयार हुनुहुन्छ र?" झुबेर्टुले सोधे।"हरेक दिन मेरी छोरीले मलाई बाइबल पढाउँछिन्। तिमीसँगै बप्तिस्मा लिने अवसर म गुमाउन चाहान्न" उनले भनिन्।८४ वर्षको उमेरमा उनले बप्तिस्मा लिइन्। झुबेर्टु ५६ वर्षका थिए।

आज झुबेर्टु घरेलु चर्चको सहअगुवा हुनुहुन्छ। १४ वर्षभित्र त्यस घरेलु चर्चको सङ्गतिद्वारा २०० जनाले बप्तिस्मा लिए।नयाँ वर्षमा बाइबल बुझ्न र सत्य चर्चको निम्ति परमेश्वरसँग गरेको प्रार्थनाको तीन दिनभित्र जवाफ पाएकोमा झुबेर्टु अचम्म मान्छन्।

"यस चर्चभित्र म कसरी आएँ? यो परमेश्वरको प्रेमद्वारा हो। तर यस चर्चमा रहिरहने प्रतिवद्धता कसरी भयो त? यस चर्चमा मैले पाएको न्यानो माया र स्वागत गर्ने वातावरणले गर्दा म सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा रहिरहने निर्णय गर्न सक्ने भएको थिएँ" अन्तरवार्तामा मलाई झुबेर्टुले भने।

"चर्चले गर्दा धेरै मानिसहरूको पूर्वाग्रह तोडेको म ठान्छु। म सांसारिक क्षेत्रबाट चर्चमा आएँ। हामीले डाक्टर, डेन्टिस्ट र वकिलहरूलाई बप्तिस्मा दिलायौं। साधारणतया तिनीहरू चर्चमा जाँदैनन्। जो चर्चमा जान चाहन्दैनन् तिनीहरूलाई हामीले माया देखाएर स्वागत गर्दछौं। जब तिनीहरूले बप्तिस्मा लिन्छन् तब तिनीहरूले कहिल्यै पनि चर्च नछोडेको देखिएको छ" झुबेर्टुले थप्दछन्।

लेखकः *आन्द्र्यु मेकचेस्नी*